**सभाका सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरू,**

१. कञ्चन गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनमा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न जिम्मेवारी दिनु हुने आम गाउँपालिकावासी प्रति सर्वप्रथम आभार प्रकट गर्दै आफुलाई गौरवान्वित ठानेको छु ।

२. नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत गर्न लागिएको राजस्व र व्ययको अनुमानलाई सङ्घीयताको जग मजबुत पार्न नागरिक सरकारको अनुभूति दिलाउन र **"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"** को अभियानमा अगाडी बढ्दै "**समृद्ध नेपाल, सुखी नेपाली**" को अभियानमा प्रभावकारी कदमका रुपमा प्रस्तुत गरेको छु ।

३. विभिन्न कालखण्डमा सहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान व्यक्त गर्दै, राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, मधेस आन्दोलन र जेन जी आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले राष्ट्र र राष्ट्रियताको स्थापनामा पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दछु ।

४. गाउँपालिकाका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय र समुन्नतिको आधारशिला खडा भई गाउँपालिकाबाट शासन, प्रशासन र विकास व्यवस्थापनमा सुधार हुदै गइरहेको छ साथै सडक, यातायात, खानेपानी लगायत भौतिक पुर्वाधार तथा संरचनाको दिगो व्यवस्थापन र उपयोगमा उल्लेख्य प्रगति हुदै शिक्षा, स्वास्थ्य, कृषि क्षेत्र तथा पशुपालन उद्यमशिलता र नवप्रवर्तनमा विभिन्न वर्गको शसक्तिकरण जस्ता मुलभुत विषयहरुमा समेत उल्लेख्य प्रगति भई निकट भविष्यमा नै देखिने गरी सबैले समानरुपमा विकासको प्रतिफल अनुभूत गर्न सक्नेमा विश्वस्त छु।

५. दिगो विकास लक्ष्यको स्थानीयकरण, आन्तरिकीकरण, जलवायु परिवर्तन बजेट कोडिङ्ग, लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग गरी राज्यका निर्देशक सिद्धान्त र नीति तथा प्रतिवद्धता प्राप्तिको दिशामा गाउँपालिका अग्रसर रहेको छ ।

६. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा व्यापक सुधार आउनुका साथै सार्वजनिक निजि क्षेत्र र अन्य सरोकारवाला सबैलाई एकतावद्ध गर्दै, विकासका कार्यमा हातेमालो गरिएको छ ।पर्यटन पूर्वाधारको विकास गाउँपालिकावासीको शिक्षा तथा स्वास्थ्य स्थितिमा सुधार गाउँपालिकाको दैनिक प्रशासन र सेवा प्रवाहलाई प्रविधि मैत्री बनाई **"सेवाको वरिपरि जनता होइन, जनताको वरिपरी सेवा"** भन्ने मुल मन्त्रलाई आत्मसात गर्दै अगाडी बढ्ने प्रतिवद्धता सहित यो बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

७. गाउँपालिकाको कार्यक्षेत्रसँग सम्वन्धित कार्य प्रगतिलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउदै गाउँपालिकावासी सार्वभौम नागरिकको अधिकार संरक्षण गर्ने कार्यमा गुनासो व्यवस्थापन, अनुगमन तथा निरीक्षण प्रणालीलाई यथासक्य प्रविधिमैत्री बनाइनेछ ।

८. यो ४ वर्षको अवधिमा हाम्रा अथक प्रयासहरुमा निर्देशन र सहयोग प्रदान गर्नुहुने संघ, प्रदेशका माननीय तथा पूर्व जनप्रतिनिधिहरु, गाउँपालिका भित्र कृयाशिल राजनैतिक दल, स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका खातिर सेवा प्रवाह गर्नुहुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, साझेदार निकाय, विभिन्न करदाता, समाजसेवि, गाउँपालिकावासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरु, विकास अभियन्ताका रुपमा रहेका स्थानीय सरोकारवाला निकायहरु, गैर सरकारी संस्थाको साझेदार भूमिका प्रति गाउँपालिकाको तर्फबाट हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

९. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतका कानूनहरुले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रकृया मार्फत आर्थिक वर्षको राजस्व र व्यय सहितको बजेट अनुमान कार्यपालिकाबाट स्विकृत गरी नीति तथा कार्यक्रम र बजेट चालु आर्थिक वर्षको असार १० गते भित्र गाउँसभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरिसक्नु पर्ने कानूनी प्रावधान बमोजिम प्रचलित कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रहि गत वर्ष २०८१/८२ को यथार्थ चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित वार्षिक बजेट तथा कार्यक्रमलाई गाउँकार्यपालिकाबाट स्विकृत गरी यस कञ्चन गाउँपालिकाको सम्मानित गाउँसभाको २० औ अधिवेशनमा पेश गरेको छु ।

१०. गाउँपालिकाको विकासको वर्तमान अवस्था शासन, प्रशासन र विकास व्यवस्थापनमा प्रविधिजन्य सुविधाको बढ्दो जनचाहना र उपलब्ध स्रोत साधन, कार्यालय र गाउँपालिकाको मौजुदा समस्या र चुनौतिहरुमा कार्य सम्पादनको क्रममा देखिएका चुनौति तथा अवसरहरु प्रति वृहत्तर दृष्टि र विहंगम विश्लेषण सहित गाउँपालिकाको दुरगामी विकासमा अर्जुन दृष्टि निर्माण गर्नु आजको आवश्यकता हो।

११. सिमित श्रोत, साधन तथा नागरिकको असिमित चाहनाका कारण गाउँपालिकाको यथेष्ट र चाहेजति शासन, प्रशासन र विकास व्यवस्थापनले गति लिन नसकेको यथार्थताका पछाडी थुप्रै चुनौती र जटिलताहरू रहेका छन् ।

१२. गाउँपालिकाको समग्र विकासको क्रममा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई समतामुलक र न्यायपूर्ण समाज विकासको मुल प्रवाहमा ल्याउनका लागि उत्पादनमुलक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसहरु सिर्जना एवं विस्तार, विविधिकरण, विशिष्टिकरण गर्ने, पशु एवं कृषि विकासका क्षेत्रहरुको प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्त्व बृद्धिका लागि उत्पादनमुलक क्षेत्रहरुको व्यावसायिकरण गर्ने, शासन, प्रशासन र विकास व्यवस्थापनमा सुशासनको प्रत्याभूति दिलाउने आधुनिकीकरण एवं यान्त्रिकिकरण गर्दै प्रविधिमैत्री विकास प्रशासनको सुरुवात गर्ने । प्राकृतिक दृष्टिले अनुपम र ऐतिहासिकता झल्कने पर्यटकीय गन्तव्यहरुको थप विकास र प्रचारका लागि समन्वय तथा सहकार्य गर्ने र यसको लाभ नागरिकस्तरसम्म पुऱ्याउने हरदम प्रयास गरेको छु।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरू,**

१३. अब, म विकास सम्वन्धी अवस्थाको संक्षिप्त सिंहावलोकन र यसका उपलब्धी पछि गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय व्यय र प्रमुख उपलब्धीहरुको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. आर्थिक वर्ष २०८१/८२ मा आय तर्फ रु ५८ करोड ३७ लाख २३ हजार २ सय ८० प्रक्षेपण गरिएकोमा यथार्थ आम्दानी रु ५७ करोड ४८ लाख ८२ हजार ३ सय ७२ रहेको छ र व्यय चालु तर्फ रु ३० करोड ७२ लाख १ हजार २ सय ६३ (८२.७१ प्रतिशत) तथा पुँजीगत तर्फ रु १७ करोड ६६ लाख ५५ हजार ९ सय ८७ (८३.२ प्रतिशत) रहेको छ ।

**अब, म चालु आर्थिक वर्ष २०८२/८३ जेठ मसान्त सम्मको यथार्थ र असार मसान्त सम्मको संशोधित बजेट को वस्तुस्थिति संक्षिप्तकरण गर्न अनुमति चाहन्छु ।**

१५. चालु आर्थिक वर्षको लागि आन्तरिक आयबाट रु.२ करोड ७५ लाख, राजश्व बाँडफाँडबाट रु. १० करोड ७९ लाख ३५ हजार ६ सय ५०, संघीय सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण अनुदान ११ करोड ६७ लाख, सशर्त चालू तर्फ २१ करोड ७० लाख २४ हजार, सशर्त पुँजीगत तर्फ १ करोड ९ लाख, समपूरक अनुदान पुँजीगत तर्फ १ करोड ११ लाख र विशेष अनुदान तर्फ १ करोड १२ लाख) तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण अनुदान ८० लाख ६६ हजार, सशर्त अनुदान ७० लाख, समपूरक अनुदान ७५ लाख ) आय तर्फ अनुमान गरिएकोमा चालू आ.व. २०८२/०८३ को जेठ मसान्त सम्ममाः

- आन्तरिक आयबाट रु. २ करोड ३८ लाख २५ हजार ८ सय ६६ रुपैयाँ मात्र
- राजश्व बाँडफाँडबाट रु. ९ करोड २१ लाख ३४ हजार ६ सय ९३ रुपैयाँ मात्र
- सङ्घीय सरकारबाट प्राप्त अनुदान वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी रु. ३३ करोड ४५ लाख ८६ हजार १५० रुपैयाँ मात्र प्राप्त भएको छ ।

१६. प्रदेश सरकारबाट प्राप्त अनुदान (वित्तीय समानीकरण, सशर्त र समपूरक रु. १ करोड ७६ लाख ४५ हजार ६ सय ९ रुपैयाँ गरी जम्मा आय रु. ४७ करोड ९२ लाख ९२ हजार ३ सय १८ रुपैयाँ प्राप्त भएको छ साथै, चालू आर्थिक वर्षमा कुल रु. ५८ करोड ४० लाख २३ हजार १ सय २१ रुपैयाँको संशोधित बजेट अनुमान प्रस्तुत भएकोमा हाल सम्ममा **चालू तर्फ ७२.१३ प्रतिशत** र **पुँजीगत तर्फ ५४.६५ प्रतिशत** गरी समग्रमा **६६.४३ प्रतिशत** खर्च भएको अवस्था छ।

१७. आम्दानी तर्फ सङ्घीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ उपलब्ध भएको सीमा रकममा हालसम्म जम्मा ९१.४५ प्रतिशत र सङ्घीय सरकार राजश्व बाँडफाँड अनुदान तर्फ ८४.५७ प्रतिशत रकम मात्र प्राप्त भएकोले, समानिकरण अनुदान र राजस्व वाँडफाड तर्फको रकम विगत ३ वर्षदेखि बजेट सिलिङ्ग भन्दा कम प्राप्त भएकोमा आन्तरिक राजस्वको दायरा विस्तार गरी आन्तरिक आय वृद्धिमा ध्यान दिनु आवश्यक देखिन्छ। साथै चालू आ.व. को लागि रु. २ करोड ७५ लाख आन्तरिक आम्दानी प्रक्षेपण गरिएकोमा हालसम्म रु. २ करोड ३८ लाख रुपैयाँ मात्र संकलन हुनुले आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन नहुने तथा केन्द्रीय तथा प्रादेशिक अनुदानमा परनिर्भर

हुनुपर्ने अवस्था सिर्जना हुन सक्ने देखिन्छ। आन्तरिक आय संकलनको क्षेत्रमा नीतिगत, संस्थागत र संरचनागत सुधार गर्नुपर्ने देखिन्छ।

**सभाध्यक्षज्यू**

**गाउँसभा सदस्यहरु**

१८. अब म यस गाउँपालिकाको समग्र विकास व्यवस्थापनका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रम, गाउँपालिकाको दिर्घकालिन सोच, राष्ट्रिय, प्रादेशिक र स्थानीय प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु, गाउँपालिकाले नागरिकमाझ विभिन्न समयमा गरेका प्रतिवद्धता र नीतिहरुको सार संक्षेपीकरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**दिर्घकालिन सोचः**

१९. कञ्चन गाउँपालिकाले परिकल्पना गरेको ''**समुन्नत कञ्चन, सुखी कञ्चनवासी**'' भन्ने दिर्घकालिन सोच नै यस बजेट, नीति तथा कार्यक्रमको दिर्घकालिन सोच र विहंगम दृष्टी हो ।

**बजेटका उद्देश्यहरुः**

२०. आर्थिक वर्ष २०८३/८४ का बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- गाउँपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्ने,
- सुशासन र प्रविधिमैत्री सेवा प्रवाह गर्ने,
- सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने,
- भौतिक संरचनाहरुको दिगो वातावरणमैत्री र मानवमैत्री पुर्वाधार निर्माण गर्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनामा लगानी गर्ने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने क्षेत्रमा लगानी विस्तार गर्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आयोजना संचालन गर्ने,
- स्रोत साधन र सीपको अधिकतम प्रयोग गर्ने,
- नवप्रवर्तनकारी योजनाहरु संचालन गर्ने,
- मानव अधिकारको संरक्षण र शान्ति सुरक्षाको अवस्था कायम राख्ने,

**सभाध्यक्षज्यू**

**गाउँसभा सदस्यहरु**

२१. आर्थिक **वर्ष २०८३/०८४ को बजेट बाँडफाँड गर्दा निम्न क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखिएको छः**

क) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका लाभमा जनताको सहज पहुँच स्थापित गर्ने,

ख) कृत्रिम बौद्धिकताको प्रयोग गरी प्रविधिमैत्री शासन, प्रशासन र विकास व्यवस्थापनमा सहजता कायम गर्दै सेवा प्रवाहमा सहजता ल्याउने,

ग) आर्थिक, सामाजिक, सांस्कृतिक, समावेशीकरण, विविधता व्यवस्थापन तथा गाउँपालिकाको सबै क्षेत्रमा समानुपातिक, समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने,

घ) दिगो, आत्मनिर्भर र उन्नतीशिल अर्थतन्त्रको निर्माण गर्ने,

ङ) उद्यमशिलता प्रवर्तन, स्वआर्जन मार्फत परनिर्भरताको अन्त्य गरी विकास, क्षमता अभिवृद्धि, नवप्रवर्तन मार्फत मानव विकासमा सुधार गर्ने आदि ।

**योजना तथा कार्यक्रम तर्जूमा छनौटका आधार एवं मार्गदर्शनहरुः**

- नेपालको संविधानका राज्यका नीति, निर्देशक सिद्धान्त र दायित्वहरु,
- नीति र दायित्त्व समेतका संवैधानिक प्रावधानहरु,
- सङ्घीय र प्रदेश सरकारको चालु तथा आवधिक योजना र बजेट तथा कार्यक्रमहरु,
- विभिन्न निकायबाट प्राप्त मार्गदर्शनहरु,
- संघ र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग,
- विभिन्न समितिका सुझावहरु,
- कञ्चन गाउँपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचना,
- पुर्व बजेट, नीति तथा कार्यक्रम छलफलका क्रममा प्राप्त सल्लाह तथा सुझावहरु।

२२. अब म गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक विकास तर्फः**

२३. **"परिश्रम र उत्पादन नै आर्थिक समृद्धिको आधार हो"** भन्ने मुल नाराका साथ आर्थिक विकास तर्फ जम्मा **रु २ करोड ४९ लाख ७० हजार ३ सय ६८ रुपैया** विनियोजन गरेको छु ।

२४. हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा **तरकारी मुल्य शृङखला परियोजना** अन्तर्गत तरकारी बालीको विक्री उत्पादन/योगदानमा आधारित अनुदान कार्यक्रमका लागि जम्मा **रु २० लाख २७ हजार ३ सय ६८ रुपैया** विनियोजन गरेको छु ।

२५. **"जति योगदान उति प्रोत्साहन, जति विक्री उति सम्मान"** भन्ने भावनालाई आत्मसात गर्दै ५० प्रतिशत अनुदानमा गहुँको विउ वितरण तर्फ **रु २० लाख** र ५० प्रतिशत

अनुदानमा कृषि यन्त्र उपकरण वितरण कार्यक्रम तर्फ **रु १० लाख** रुपैया विनियोजन गरेको छु ।

२६. सुन्तला रंगको सखरखण्ड प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरेको छु।

२७. **"माटो जोगाउँ, भविष्य बचाउँ"** भन्ने मुल मर्मका साथ माटो सुधारकार्यक्रमका लागि **रु ७ लाख** रकम विनियोजन गरेको छु साथै अर्गानिक विधिद्वारा बाली संरक्षण गर्नका लागि **"अर्गानिक कृषि खेति अपनाउँ, स्वस्थ जीवन बनाउँ"** भन्ने भावनाको विकास गर्नका **लागि रु १० लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

२८. **"गाई भैसी सुत्केरी स्याहार तथा पोषण सुधार प्रोत्साहन कार्यक्रम" लाई** निरन्तरता दिंदै आगामी आर्थिक वर्षका लागि **रु २८ लाख** विनियोजन गरेको छु ।

२९. कपिलवस्तु वाणगंगा नगरपालिकासँगको साझेदारीमा छाडा पशु चौपाया व्यवस्थापनका लागि रू. ५ लाख बजेट विनियोजन गरेको छु ।

३०. पशुपालन व्यवसायको आधुनिकीकरण, विशिष्टीकरण र व्यावसायीकरण गर्नका लागि ५० प्रतिशत अनुदानमा इलेक्ट्रिक चापकटर तथा दाना पिस्ने मेशिन वितरण कार्यक्रम अन्तर्गत **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

३१. **हरियो मल प्रवर्द्धन कार्यक्रम** र **भैसी प्रवर्द्धन कार्यक्रम**का लागि सङ्घीय सशर्त अनुदान तर्फ रु **९ लाख २० हजार** रुपैया बजेट विनियोजन गरेको छु ।

३२. **उत्पादन र उत्पादकत्त्व वृद्धि** गर्ने प्रयोजनार्थ उत्पादनमा आधारित **घाँसे खेतिमा अनुदान कार्यक्रमलाई** निरन्तरता दिंदै आगामी आर्थिक वर्षका लागि **रु ७ लाख** बजेट विनियोजन गरेको छु ।

३३. **"महामारीजन्य पशुरोगबाट बचाउँ, पशु धनको सुरक्षा गरौं"** भन्ने कुरालाई हृदयङ्गम गर्दै महामारीजन्य रोग नियन्त्रण कार्यक्रमका लागि **रु ७ लाख** विनियोजन गरेको छु ।

३४. आन्तरिक बाह्य तथा परिजिवि नियन्त्रण, पशुपन्छी तथा मत्स्य रोगमा अत्यावश्यक औषधी खरिद, कृत्रिम गर्भाधान कार्यक्रम र ल्याव सामग्री खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३५. पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

३६. सहकारीको नियमन, नियन्त्रण र परिचालनका साथै लघु वित्त तथा वित्तीय संस्थाहरुसँगको समन्वय र सहकार्यमा वित्तीय साक्षरता कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सामाजिक विकास तर्फः**

३७. "**समृद्ध समाजको आधार, सामाजिक विकासको विस्तार**" भन्ने भावनालाई आत्मसात गर्दै सामाजिक विकास तर्फ जम्मा **रु २७ करोड  ६९ लाख ९८ हजार २ सय ५० रुपैयाँ** विनियोजन गरेको छु ।

३८. सामुदायिक विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, आया र सामुदायिक सिकाई केन्द्र परिचालिकाको थप तलब भत्ता बापत **रु ६६ लाख ४७ हजार** रुपैया विनियोजन गरेको छु ।

३९. **"विज्ञान प्रविधि र नवप्रवर्तन, सम्मुनत समाजको निर्माण**" भन्ने आदर्शलाई ध्यानमा राखी विज्ञान तथा प्राविधिक र उच्च शिक्षा तर्फ **गाउँपालिका प्रोत्साहन अध्ययन छात्रवृत्तिका** लागि **रु ५ लाख** रकम विनियोजन गरेको छु ।

४०. **"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद** "भन्ने मान्यताका साथ राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगितालाई निरन्तरता दिदै उक्त कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४१. BLE, SEE, र SLCE परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी एवम् विद्यालय/शिक्षक सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. "**ज्येष्ठ नागरिकको हेरचाह गरौं, सम्मानित समाज निर्माण गरौं**" भन्ने भावनाका साथ **ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम** अन्तर्गत घर-घरमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रमलाई निरन्तरता दिदै उक्त कार्यक्रम सञ्चालनका लागि **रु ४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

४३. **"आमा र नवजात शिशुको स्वास्थ्यमा विशेष सरोकार, सुत्केरीको पोषणमा सुधार"** भन्ने नाराका साथ **सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रमका** लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

४४. सङ्घीय सरकार शसर्त अनुदान तर्फ मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुका लागि औषधी उपचार खर्च बापत मासिक **रु ५ हजारका** दरले उपलब्ध गराउने गरी **रु ५५ लाख ४० हजार** विनियोजन गरेको छु ।

४५. सङ्घीय सरकार शसर्त अनुदान तर्फ **"क्षयरोग मुक्त अभियान"** का लागि विभिन्न कार्यक्रमहरु सञ्चालन प्रयोजनार्थ **रु २२ लाख ५ हजार** रुपैया विनियोजन गरेको छु।

४६. महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुको सम्मान र सेवानिवृत्त जीवनको सुखमय कामनाका साथै सम्मानजनक विदाईका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

४७. **"रक्तदान जीवन दान, जीवनदान महादान"** भन्ने मुल मन्त्रका साथ नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा नेपाल रेडक्रस सोसाइटी रक्त संचार सेवा रुपन्देही मार्फत यस गाउँपालिकामा स्थायी बसोबास गर्ने जनतालाई सामुदायिक तथा निजी अस्पतालहरुमा उपचार गर्दा आवश्यक रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु ।

४८. **"सुरक्षित मातृत्वको आधार, गर्भवतीलाई झुल उपहार"** भन्ने मान्यतालाई आत्मसात गर्दै प्रोटोकल अनुसार ८ पटक ANC चेकजाँच गर्ने गर्भवतीलाई निःशुल्क झुल वितरणको व्यवस्था मिलाएको छु ।

४९. फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५०. **"कला संस्कृतिको सम्मान, समुन्नत समाजको पहिचान, संस्कृति जोगाउँ, सभ्यता बचाउँ"** भन्ने मर्मका साथ धर्म, भाषा, कला र संस्कृतिको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५१. **"पूर्खाको नासो संस्कृतिको शान, मादल बजाउने तालिम हाम्रो अभियान"** लाई मुर्तरुप दिदै वडा कार्यालयसँगको समन्वयमा मादल बजाउने तालिम कार्यक्रम सञ्चालनको प्रबन्ध मिलाएको छु।

५२. सामाजिक न्याय, समानता र शसक्तीकरणका साथै विभिन्न पर्व, समारोह र दिवस सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. प्रविधि हस्तान्तरणको माध्यमद्वारा उद्यमशिलता सिर्जनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५४. लैङ्गिक विभेद, जातीय छुवाछुत र महिला हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु ।

५५. अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य शिविर, लक्षित समूहका महिला तथा एकल महिलाहरूका लागि उद्घोषण तथा नेतृत्व विकास लगायतका सिपमूलक तालिम, एक आमा समूह एक लघु उद्यम कार्यक्रम र विभिन्न विधामा एडभान्स तालिम लिएका महिलाहरूका लागि लागत साझेदारीमा प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५६. अन्तरपार्टी महिला सञ्जाल र आमा समूहलाई अभिमुखीकरण कार्यक्रम, द्वन्द्व पिडित परिवारका सदस्यहरूलाई ड्राइभिङ तालिम, गरिब तथा विपन्न र ज्येष्ठ नागरिकका लागि न्यानो कपडा वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. समग्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रका लागि कुल **रू ६७ लाख** बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास तर्फः**

५८. **"बलियो पूर्वाधार, समृद्धिको आधार"** भन्ने मान्यताका साथ पूर्वाधार विकास कार्यक्रम तर्फ जम्मा **रु १४ करोड ७३ लाख** बजेट विनियोजन गरेको छु ।

५९. सडकको दिगोपना कायम गरी उत्पादन र उत्पादकत्त्व वृद्धिका साथै व्यावसायीकरण र औधोगिकीकरणका लागि आवश्यक पुर्वाधार निर्माण गर्ने प्रयोजनार्थ निर्मित सडक मर्मत सम्भार तथा कालोपत्रे गर्नका लागि **रु. ३ करोड** साथै हरैया हाटबजार चोक देखि हाट बजार हुदै चक्रपथ जोड्ने सडक कालोपत्रेका लागि संघीय समपुरक अनुदान तर्फ **रु ५० लाख** र गाउँपालिकाको लागत साझेदारी बापत **रु ७५ लाख** गरी जम्मा **रु.१ करोड २५ लाख** बिनियोजन गरेको छु ।

६०. "**सफा शौचालय, सुरक्षित विद्यालय**" भन्ने मान्यताका साथ सङ्घीय सरकार विशेष अनुदान तर्फ सामुदायिक विद्यालयहरुमा शौचालय तथा कम्पाउण्ड वाल निर्माण कार्यक्रमका लागि **रु १ करोड ५ लाख** रकम विनियोजन गरेको छु ।

६१. सङ्घीय शसर्त अनुदान तर्फ स्विकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि **रु ५६ लाख** तथा गाउँपालिकाको लागत साझेदारीमा **रु ४४ लाख गरी रु १ करोड** विनियोजन गरेको छु ।

६२. सडक पुर्वाधार निर्माण कार्यका लागि प्रदेश सरकार समपुरक अनुदान तर्फ **रु ७५ लाख** तथा गाउँपालिको लागत साझेदारीमा **रु ७५ लाख गरी जम्मा रु १ करोड ५० लाख** रुपैया विनियोजन गरेको छु ।

६३. प्रदेश सरकार शसर्त अनुदान तर्फ विभिन्न आयोजना सञ्चालन गर्ने गरी रु **८५ लाख रुपैया** र विशेष अनुदान तर्फ विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु ।

६४. तीनकुने चोक देखि उत्तर तर्फ खडेप्लेट सम्म सडक स्तरोन्ती र मसिना, सेमरानी बजबजाह सडक स्तरोन्नतीका लागि **२५ लाखका** दरले रकम बिनियोजन गरेको छु साथै राधाकृष्ण मन्दिर देखि चन्द्र बहादुरको घरसम्म र बसन्तफूलवारी चोक देखि गजेडी मा.वि. तर्फ जाने सडक स्तरोन्तीका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु।

६५. साना, मझौला र दिर्घकालिन महत्त्वका सडक पुर्वाधार निर्माण, कालोपत्रे र ग्राभेल गर्ने कार्यका लागि सबै वडामा समानुपातिक पहुँच कायम हुने गरी बजेटको व्यवस्था मिलाएको छु।

६६. गाउँपालिका पहुँच मार्गदेखि बुद्धकली र राजेन्द्रको घरसम्म अधुरो सडक ग्राभेल, बाबु वि.क. को घरदेखि बाबुलाल गौतमको घरसम्म सडक स्तरोन्नतीका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

६७. प्रगति चोक देखि तुल्सीघाट जाने सडक हेभी ग्राभेल, बेलडाँडा भार्सेली चोक हुदै उत्तर तर्फको सडक हेभी ग्राभेल कार्यका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु साथै फायरलाइन टोलमा नाली निर्माण र शान्ति पथमा कल्भर्ट निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६८. **"जहाँ छैन नदी र नहर, त्यहाँ भूमिगत सिँचाइले ल्याउछ लहर"** भन्ने मान्यताका साथ कृषि उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न भूमिगत सिचाँईको व्यवस्थाका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

६९. नेपाल रेडक्रस सोसाइटी कञ्चन उपशाखाको भवनको तल्ला थप र रुद्रपुर मा.वि. छपालीटोल ब्लकको दुई कोठे भवनमा तला थप कार्यका लागि **रु २० लाखका** दरले रकम विनियोजन गरेको छु ।

७०. सडक बोर्ड नेपाल, वैकल्पिक उर्जा लगायतका संघ सस्थाहरुसँग लागत साझेदारीमा कार्यक्रम सञ्चालनका लागि **रु ५० लाख रकम** विनियोजन गरेको छु साथै सडक वत्ती जडान कार्यका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

**वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

७१. **"विपद्को पूर्वतयारी, सुरक्षित जीवनको साझेदारी"** भन्ने मान्यताका साथ वातावरण तथा विपद् व्यवस्थापन तर्फ जम्मा **रु ६८ लाख ५० हजार** विनियोजन गरेको छु ।

७२. वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७३. **"विपद् जोखिम न्यूनीकरण, जीवन र विकासको संरक्षण"** भन्ने नाराका साथ सरोकारवालाहरु लाई विपद् व्यवस्थापन तालिम तथा स्वयमं सेवक निर्माण कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७४. कञ्चन गाउँपालिका, सैनामैना नगरपालिका, गैडहवा गाउँपालिका र शुद्धोदन गाउँपालिकाको सहकार्यमा सञ्चालित वारुण यन्त्र सञ्चालनलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षका लागि रु **६ लाख रुपैया** विनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फः**

७५. **"पारदर्शी प्रशासन, गुणस्तरीय सेवा र सुशासन हाम्रो साझा संकल्प"** भन्ने मान्यताका साथ संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ जम्मा **रु १४ करोड ८० लाख ८ हजार** रकम विनियोजन गरेको छु ।

७६. सेवा प्रवाहको गुणस्तर सुधार, कार्यसम्पादनमा थप प्रभावकारिता र कर्मचारीको उत्प्रेरणा तथा जीवनयापन खर्चलाई मध्यनजर गर्दै तलब वृद्धिका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७७. बढ्दो जीवनयापन खर्च तथा कर्मचारीहरुको मनोबललाई मध्यनजर गर्दै महंगी भत्ता सम्वन्धी व्यवस्था, प्रचलित कानून, आर्थिक क्षमता र स्रोतको उपलब्धताका आधारमा गर्ने व्यवस्था मिलाएको छु ।

७८. **"दलित, सुकुम्वासी र अव्यवस्थितको सम्मान, भूमि व्यवस्थापन हाम्रो मूल अभियान"** भन्ने लक्ष्यका साथ हामी निरन्तर रुपमा लागेका छौ, भूमि सम्वन्धी समस्या समाधान तथा व्यवस्थापन गरी **"भूमिको हक सबैको अधिकार, समुन्नत कञ्चनको बलियो आधार"** निर्माण गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

७९. "**कानुनको एकीकरण, न्यायको सुदृढीकरण**" भन्ने मुल मर्मलाई आत्मसात गर्दै विभिन्न ऐन, कानून तथा कार्यविधि निर्माण र हालसम्म निर्माण भएका कानूनहरुको अद्यावधिक गरी कानूनको एकिकृत दस्तावेज प्रकाशन गर्ने प्रयोजनार्थ आवश्यक बजेट विनियोजन गरेको छु ।

८०. मानव अधिकार प्रवर्द्धन कार्यक्रम, एकिकृत घुम्ती शिविर सञ्चालन, सार्वजनिक सुनुवाई कार्यक्रम, विद्यार्थीहरुलाई सोध अनुसन्धान कार्यक्रम र समुदाय प्रहरी साझेदारी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८१. **"संस्थागत स्मरण विगतको सिकाइ, भविष्यको मार्गदर्शन"** भन्ने आदर्शलाई स्विकार गर्दै संस्थागत स्मरण हस्तान्तरण पुस्तिका प्रकाशन, कार्यालयको अभिलेख डिजिटलाइजेशन **र Digital village Profile निर्माण** कार्यका लागि आवश्यक रकमको प्रवन्ध गरेको छु।

८२. **"आजको कर, भोलिको पूर्वाधार"** भन्ने नाराका साथ विद्यार्थी तथा स्वयंसेवक परिचालन गरी सबै वडाहरुमा कर सहभागिता अभियान सञ्चालन गर्न **"करमा सहभागिता, विकासमा साझेदारिता"** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

८३. अब म कञ्चन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित राजस्व र व्ययको अनुमानित विवरण यस सम्मानित गाउँसभा समक्ष पेश गर्न चाहन्छु।

८४. आगामी आर्थिक वर्ष २०८३/८४ का लागि गाउँपालिकाको कुल बजेट मध्ये अधिकांश बजेट सङ्घीय सरकाबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण नै हो । गाउँपालिकाको आन्तरिक आय व्यवस्थापनका लागि नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन२०७४ बमोजिम गाउँपालिकाले लगाउन र संकलन गर्न पाउने

कर, दस्तुर, शुल्क समेतका आधारहरु उपलब्ध भए बमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरिएको कर दस्तुर शुल्कका दर तथा क्षेत्रहरुलाई केही संशोधन गरी आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गरेको छु ।

८५. **कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छः**
गाउँसभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आन्तरिक श्रोत, सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण सहित जम्मा **रु ६० करोड ४१ लाख २६ हजार ६ सय १८ रुपैया** मात्र आय हुने प्रक्षेपण गरिएको छ । उपर्युक्त आम्दानी रकमबाट चालु तर्फ **३९ करोड ३० लाख ३५ हजार ८ सय ५८ रुपैया (६५.०५ प्रतिशत)** र पुँजीगत तर्फ **रु २१ करोड १० लाख ९० हजार ७ सय ६० रुपैया (३४.९५ प्रतिशत)** खर्च हुने अनुमान गरिएको छ।

८६. आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित आय संकलन व्यवस्थापन तर्फ निर्धारण गरिएका करका दर समेतका आय स्रोतहरुको विस्तृत विवरण कञ्चन गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई व्यवस्थित गर्न बनेको आर्थिक विधेयक,२०८३ र गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन गर्न प्रस्तावित गरेका योजना/परियोजना/कार्यक्रमहरुको विस्तृत विवरण कञ्चन गाउँपालिकाको विनियोजन विधेयक,२०८३ मा समावेश गरेको छु । गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएका खर्च बेहोर्ने स्रोतहरु देहाय बमोजिम रहेका छन् ।

- आन्तरिक आम्दानी तर्फ रु २ करोड ७५ लाख रुपैया प्रक्षेपण गरेको छु,
- नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ११ करोड ७८ लाख,
- यसैगरी सङ्घीय राजश्व वाडफाँड रु १० करोड १८ लाख ५८ हजार,
- घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु ६५ लाख,
- सङ्घीय समपुरक अनुदान अन्तर्गत रु ५० लाख,
- सङ्घीय सरकार विशेष अनुदान रु १ करोड ५ लाख,
- सङ्घीय सरकार शशर्त अनुदान रु २३ करोड ५ लाख,
- प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ८१ लाख ८ हजार,
- प्रदेश सरकार राजश्व बाँडफाँड रु १ करोड ४ लाख ४७ हजार,
- प्रदेश सरकार शशर्त अनुदान रु ८५ लाख,

- प्रदेश सरकार समपुरक अनुदान रु ७५लाख,
- प्रदेश सरकार विशेष अनुदान रु २० लाख,
- सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम रु १२ लाख,
- साथै विनियोजित खर्चहरुको श्रोत पूर्तिका लागि चालु आ.व.को खर्च पश्चात रु ६ करोड ६७ लाख १३ हजार ६ सय १० रुपैया नगद मौज्दात रहने प्रक्षेपण गरिएको छ ।

८७. माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयनबाट कञ्चन गाउँपालिकावासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा उल्लेखनिय वृद्धि हुनुका साथै भौतिक पुर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासन, पारदर्शीता र जवाफदेहिताको अनुभूति हुने विश्वास लिएको छु ।

८८. बजेट कार्यान्वयनमा आर्थिक अनुशासन, वित्तीय सुशासन, पारदर्शीता, जवाफदेहिता र मितव्ययीताका मूलभूत सिद्धान्तलाई आत्मसात गर्दै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

८९. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनबाट पुंजीगत खर्च परिचालनमा गुणात्मक सुधार भई सार्वजनिक वित्त प्रणालीमा चुस्तता र खर्चको प्रभावकारिता बढ्ने अपेक्षा गरेको छु । बजेटमा प्रस्ताव गरिएको राजस्व सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट राजस्वको आधार तथा दायरा विस्तार भई गाउँपालिकाको आन्तरिक राजस्व परिचालन, थप सुदृढ हुँदै जाने कर प्रशासनलाई व्यवस्थित बनाई जनतालाई करप्रति सचेत बनाउन प्रविधिमैत्रि कर प्रणाली लागु गर्ने व्यवस्था मिलाइएको छु ।

९०. उपयुक्त नीति, बजेट तथा कार्यक्रम सम्बन्धमा सभाका सम्पूर्ण सदस्यहरूको रचनात्मक, सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा अगाडी बढाइउने छु ।

९१. गाउँपालिकाको समग्र शासन, प्रशासन र विकास व्यवस्थापनका लागि गाउँपालिकावासी सरोकारवाला सबैको चासो, सहभागिता र सहकार्य जरुरी छ। तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा सरोकारवालाहरूले छनोट गरी वडा समिति मार्फत

प्राथमिकीकरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छु ।

९२. आ.व.२०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा परोक्ष्य तथा प्रत्यक्षरुमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने वडाअध्यक्षज्यूहरू, योजना तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न क्षेत्रका विज्ञ, नागरिक समाज, गैर सरकारी संस्था, साझेदार निकाय, पत्रकार, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

**मौसमी थापा मगर**

**उपाध्यक्ष**

**कञ्चन गाउँपालिका**

**मिति २०८३ आषाढ ७ गते**